# प्रमिला शर्मा

**यही २००५मा नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कारको लागि छानिएको कृतिकी कथाकार प्रमिला शर्माको परिचय हो ।**


महोत्तरी जिल्लाको मनरा कट्टी गाउँको किसान परिवारमा सन् १९५२ मा जन्मनु भएकी प्रमिला शर्मा साहित्यमा बाल्यकाल देखिनै रुची राख्नु हुन्थ्यो । पिताः स्व. कुलनाथ शर्मा अर्याल, माताः विष्णुमाया देवी अर्यालका पाँच छोरा र तीन छोरी मध्यकी छैंठौ सन्तान हुनुहुन्छ । त्रिभुवन विश्वविद्यालय काठमाडौंबाट मनोविज्ञान विषयमा एम.ए. सम्मको अध्ययन गर्नुभएकी प्रमिला सन् १९९१ देखि अमेरिकाको डेनभर कोलोराडोमा बस्दै आउनु भएको छ । नेपालको विभिन्न प्राथमिक र माध्यमिक विद्यालयमा शिक्षिका तथा बुटवल बहुमुखी क्याम्पसमा प्राध्यापक रही अध्यापन गर्नु भएको थियो

होमनाथ सुवेदीबाट यो प्रश्न गरिएको थियो :

तपाई एक नारी लेखिका भएकोले पक्कै पनि तपाई फेमिनिस्ट हुनसक्नुहुन्छ । के यी नारीवादीता तपाईको साहित्यमा पनि प्रतिबिम्बित छन् कि ? छन् भने कहाँ कसरी एक दुई उदाहरण दिएर भन्न सक्नुहुन्छ कि ?

यसको उत्तरमा प्रमिला शर्मा भन्नुहुन्छः

"म नारीवादीताको प्रवर्द्धन गर्छु भनेर लेख्दिन । तर मेरा कथाहरूमा तपाईंले भने जस्तै म नारी भएकीले नारीले नेपाली समाजमा सामान्यतया भोग्ने गरेका कुराहरू मेरा कथामा प्रतिबिम्बित भइहाल्दा रहेछन् । त्यस विचारले हेर्दा म फेमिनिस्ट हो । मेरा धेरै कथाहरू नारीप्रधान छन् । "प्रेमको खोजीमा" कथासङ्ग्रहको सीताराना कथामा नारी उत्पीडनको समाधानका लागि शिक्षाको आवश्यकतालाई देखाउन खोजिएको छ । त्यस कथामा मूख्य चरित्र सीताले म मरें भनें मेरा बाबुले नातिनीलाई पक्कै पढाउने छन् भनेर आत्महत्या गर्ने निर्णय गरिन् । सीता नमरेकी भए उनको बाबुले स्कूल खोल्ने थिए थिएनन् ? त्यस्तै, त्यसै कथासङ्ग्रहको तुलसा कथाले पनि नारीका लागि शिक्षाको आवश्यकतालाई जनाउंछ । तुलसाकी आमा शिक्षित भइदिएकी भए तुलसाको जीवनको दुःखान्त हुने थिएन ।"

**http://paradesh.com/personality.php?ArtId=48**

परदेशडटकमको लागि होमनाथ सुबेदीद्वारा प्रमिला
शर्मासंग लिएको अन्तर्वार्ता, वाशिङ्गटन डी.सी.बाट कालोराडोसम्म ०२-२३-०५

# 'प्रेमको खोजीमा' एक खजाना

**यही २००५मा नारी हस्ताक्षरका लागि स्वर्गीय श्री डिल्लीराम तिमसिना स्मृति अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कारको लागि छानिएको कृति हो ।**

होमनाथ सुवेदी
वुडव्रिज, भर्जिनिया

"प्रेमको खोजीमा" कथा संग्रहको सार्वजनिकीकरण 'सर्वदा वाङ्मय प्रतिष्ठान' को आयोजनामा गत असार तीन गतेको दिन काठमाडौंमा भएको हो । यसकी लेखिका प्रमिला शर्माको उपस्थिति त्यहाँ थिएन । प्रमिलाका श्रीमान् डा. विजयराज शर्माले लेखिकाको प्रतिनिधित्व गरेको भिडियो हेर्दा सबैका श्रीमान् यस्तै भैदिए कति नारीलेखिका विकसित हुँदा हुन् जस्तो हामीलाई लाग्छ । सो कार्यक्रममा डा. ताना शर्मा, तुलसी दिवस, घटराज भट्टराई, युवराज नयाँ घरे, बुलु मुकारुङ, मेघराज मञ्जुललगायतका साहित्यकारहरुको उपस्थिति भएको सो कार्यक्रममा प्रमिलाको यो कथा-सङ्ग्रह जस्ता रचनाहरू नै हुन् जसले नेपाली जातिको परिचयलाई जीवन्त र दिगो राख्न मद्दत पुर्‍याउँछन् भन्ने कुरामा जोड दिइएको थियो । यो कथा संग्रह प्रकाशन गर्ने अन्तर्राष्ट्रिय साहित्य समाजको मुरी मुरी प्रशंसा गरिएको थियो । सार्वजनिकीकरण काठमाडौंमा भएको थियो तर यसको विमोचनभने  अमेरिकाको अरिजोना राज्यमा जुलाई २को दिन ए.एन.ए., आइ.एन.एल.एस. र अनेसासअरिजोनानभाडा शाखाको संयुक्त तत्वावधानमा भएको कवितामहोत्सवमा संयुक्त राष्ट्रसंघका लागि शाही नेपाली राजदुत मुरारीराज शर्माद्वारा विमोचन भएको हो । हाल यो पुस्तक अमेरिका र नेपालका दुवै बजारमा उपलब्ध छ । १५६ पृष्ठको यो कथा-सङ्ग्रहको छपाइ अत्यन्त सुन्दर छ । यसको मूल्य नेपालमा रु. १००।- र विदेशमा ५ डलर राखिएको छ । यो मूल्य आजको महँगाइलाई हेर्दा सुपथ नै हो । यो पुस्तक बिक्रीबाट आएको रकम अनेसासले नलिई लेखकलाई नै अर्को कृति प्रकाशनार्थ दिने कुरा प्रकाशकीयमा उल्लेख छ । यस पुस्तकको पछाडिको गातामा छापिएको लेखिकाको परिचयको तल प्रकाशननोन्मुख कृति भनेर लेखिकाले नाम अरु केही विशेष हुन सक्ला तर यात्रा संस्मरण पक्कै पनि चाँडै प्रकाशित हुन्छ भन्ने कुरामा पाठकले विश्वास गर्ने ठाउँ दिएको छ । त्यसको तल भनिएको अनेसासको प्रकाशन सूचीले पनि संस्था र प्रकाशित कृतिको गरिमा बढाएका छन् । पुस्तकको भित्रपट्टी पल्टाएर




हेर्नासाथ अनेसास कोलोराडो देखिन्छ ।

प्रमिलाका 'आभारका केही शब्दहरू'का यी शब्दहरुले प्रमिलालाई नेपाली साहित्यमा लेखनको प्रेरणा कसरी मिल्यो भन्ने प्रश्नको उत्तर दिन्छन्: "शिव गोपाल रिसाल सरले पद्म कन्या क्याम्पसमा म पढने नेपाली कक्षामा सबै छात्रालाई लेखनतर्फ अभिप्रेरित गर्न भन्ने गर्नुहुन्थ्यो, "तपाईंहरु लेख्ने गर्नुस् । तपाईंले लेखेको कुनै एक पंक्ति पनि पाठकले मन पराइदिए भने त्यो पंक्ति नै तपाईंले साहित्यलाई दिएको योगदान हुनेछ ।" सरको त्यो प्रेरणाले मलाई सधैं लेख्न घचघच्याई रह्यो ।"  यति प्रेरणा पाए पनि प्रमिलाको कथा लेख्ने कम खास गरी  अमेरिका आएपछि तीव्र भएको कुरो यो संग्रह यसरी भन्दछः "मैले सोचें, "मेरो पतिको थेसिस सकिन्छ, एउटा पुस्तक तयार हुन्छ । उहांको थेसिस सकिउन्जेल म पनि एउटा थेसिस तयार गर्छु ।" यसरी प्रारम्भ भयो मेरो कथा लेख्ने सिलसिला ।"

अन्तर्राष्टिय नेपाली साहित्य समाज, वाशिङ्गटन डि.सी., अमेरिकाका तत्कालीन अध्यक्ष, पुरुषोत्तम सुवेदी यो कथा संग्रह कस्तो छ र यसबाट के अपेक्षित छ भन्ने कुरालाई शुभकामना सन्देशमा यसरी भन्दछन्: "यो कथाको सन्देश आफू हराए पनि प्रेमका स्मृतिका क्षणहरु न हराउन् भन्ने नै हो। यो प्रतिबद्धता र कर्मशीलता हामी सबैमा अझ बढी फलोस् फुलोस्। जहाँ रहे-बसे पनि नेपाली मूलका हामी सबै नेपालीलाई यो कथा-संग्रहले त्यही प्रतिबद्धता र कर्मशीलताको पाठ सिकाओस्। ऐलेलाई हामीलाई त्यति भए पुग्छ।" यो नेपाल बाहिर बस्ने नेपाली पाठकको लागि खजाना हो।

अनेसास, कोलोराडो च्याप्टर, अध्यक्ष, ज्ञानेन्द्र गदाल प्रकाशकीय लेख्दा यस पुस्तक प्रकाशनको महत्वबारे यसरी प्रकाश पार्दछन् : "यसका लागि अनेसास कोलोराडो च्याप्टर दुई किसिमले हर्षित छ। प्रथम, एउटा झरिलो नेपाली साहित्यिक फिलुंगो जो बर्षौंदेखि खरानीभित्र पुरिएर अस्तित्वविहिन अवस्थामा थियो, खरानी उढाएर उक्त साहित्यिक फिलुंगो पाठकहरुमाझ ल्याउन सक्यौं, दोश्रो कुरा प्रथमपल्ट अनेसासको च्याप्टरबाट पुस्तक प्रकाशन गरिएकोले अन्य च्याप्टरहरुले पनि स्थानीय नेपाली प्रतिभाहरुको सिर्जनाहरु प्रकाशन गर्ने कार्यमा उत्साह जगाउने काम अवश्य नै गर्नेछ।" यी कुराहरुले हामी सबैको यस पुस्तकको महत्वप्रति आखा खोल्दछन्।

"प्रेमको खोजीमा डुबुल्की मार्दा" नामक एक भूमिका मेरो पनि यस पुस्तकमा रहेको छ। त्यसै भूमिकालाई नै यो पुस्तक प्रकाशन भएपछि त्यसलाई सिंवलोकन गरी यो पुनर्प्रस्तुत गरिएको हो। पुस्तको उपर्य्युक्त बहिरङ्ग शिवम् वाहेक यसको अन्तरङ्ग शौन्दर्य पनि उति नै सुन्दर छ। यो कथासंग्रहमा ५ वटा मात्र कथा छन्, तर प्रत्येक कथालाई लघु उपन्यास भन्दा कत्ति फरक पर्दैन। यी कथामा भएको विचार, वस्तु, कथानक, चरित्र, भाषा, प्रविधि, परिवेश र वस्तुहरूको व्यवस्थाको दृष्टिले अवलोकन गर्दा पनि यी कथा खरा उत्रन्छन्।

दिवास्वप्न कथामा शीतल र गुञ्जन (प्रेयशी र उसका अर्कैबाट भएको सन्तान) को नाममा जनसाधारणको लागि स्वास्थ्यसेवा पुर्‍याउने क्लिनिकहरू खोलाएर प्रेमको समर्पणको आदर्श प्रस्तुत गरिएको छ। कृष्णकी प्रिया शीतलको अर्कैसित विवाह भयो, अमेरिकाको वैभव पाएकी भए तापनि ऊ कृष्णलाई बिर्सन्न। कृष्णले दिएको प्रेमको प्रतीक पाउजेबको सदा सुरक्षा गर्छे। अन्तमा कृष्णकै आत्माको शान्ति कामना गर्दै यौटा सरोवरमा समर्पण गर्न लगाएर 'प्रेम' एक स्मृतिमा अमर रहने वस्तु हो भन्ने कुरो कथाकारले यहां पुष्टी गर्न खोजेकी छिन्। त्यस्तै उनको दोस्रो कथा 'घरज्वाइ'मा 'प्रेम' धनभन्दा माथिको कुरा हो भन्ने कुरा देखाएकी छिन्। हाम्रो परम्परामा धनमा बेचिएको सबभन्दा बलवान् पात्र घरज्वाइं हो। यस कथाकारलाई यो कुरा थाहा छ, पाठक पनि यो तथ्यबाट अपरिचित कोही छैनन्। त्यसैले यो कथा कुनै नौलो कथ्यको लागि होइन, तर कथाकार नयां रूप-सज्जामा यसलाई पुनर्प्रयोग गर्न चाहन्छिन्। त्यसैले उनकी पात्रा कल्पना यो जान्दाजान्दै पनि घरज्वाइं राखेर विवाह गर्दछे र ऊ गिनीपिग बन्दछे। धन न होस् बरु एकाकी प्रेमपात्र पूज्य हुन्छ भन्ने देखाउनु यसको उद्देश्य देखिन्छ।

प्रमिलाको कथा 'सीता राना' अशिक्षित छोरी हुनाले उसलाई शिक्षित केटाले धोका दियो। त्यसैले शिक्षाको महत्व देखाउंदै सीताको मृत्युपछि सीताका पिताजीले स्कूल चलाउंछन्। छोरीलाई पढाउनुपर्छ भन्ने त्यसको मूल उद्देश्य हो। अन्तिम कथा 'तुलसा' छुवाछूतको विरोध र रूढिवादी परम्पराको विरुद्व चेतनापूर्ण लोक-व्यवहारको विकास हुनुपर्छ भन्ने उद्देश्यले लेखेको कथा हो। यसरी हेर्दा सबै कथाहरू सोद्देश्य, समाजकल्याणकारक रूपमा लेखिएका छन्। समाजमा स्वस्थ प्रेम, भातृत्वपूर्ण व्यवहार हुनुपर्छ। यो ल्याउन शिक्षालाई अग्रपंक्तिमा राख्नुपर्छ भन्ने यो कथा सङ्ग्रहको मूल उद्देश्य रहेको छ।

'लाटी लक्ष्मी' कथानकको निर्माणमा पुराण होइन, लोक-जीवनका हास्य-व्यङ्ग्य कथाहरूलाई साधन बनाइएको छ। कथानक लोक-कथाको भए पनि अमेरिकादेखि नेपालको दुर्गम गाउंसम्म पुग्ने यो कथानक आजको समाज वा जीवनलाई ओगटेर बनेको छ। यसको निर्माणमा अभिज्ञानको प्रयोग गरिएको छ, तापनि परिणाममा वियोगान्त भए पनि संयोगान्तजस्तै प्रेमको नाममा कथानक टुङ्गिन्छ। त्यस्तै अर्को कथा 'सीता राना'को कुरा लिऔं- कथानक सरल छ। अशिक्षित नारी सीताको शाखाअधिकृत रानासित विवाह हुन्छ। रानाको दुर्व्यवहारले चमेलीजस्ती सुन्दर छोरी छोडेर ऊ आत्महत्या गर्न पुग्छे। अरुलाई रानामाथि रिस त उठ्छ, तर कसैले केही गर्न सक्दैनन्। कथानक सरलतापूर्वक टुङ्गिन्छ। बीचमा हाकिमनीको भेषभूषामा जब सीता बाहिर निस्कन्छे र हाकिमले आफ्नी श्रीमती सम्झेर सीताको हात समात्छन्, यहां केही अभिज्ञानको

आयोजना हुनुपर्ने हो, तर अभिज्ञानको क्षेत्र बन्दा त्यसले कथानकको विकासमा खास पाठ भने केही खेल्दैन, तर यसले पाठकलाई मनमोहक भने बनाउँछ । 'तुलसा' कथामा विपन्न परिवारकी तुलसा र सम्पन्न परिवारको परशुरामको विवाहको विकास, बाल्यकालको प्रेम र तुलसाको सौहार्दताबाट विकास गरिन्छ र त्यसले परशुरामकी कट्टरपन्थी आमाको शिर झुकाएर उदार बनाई विवाहको लागि स्वीकार्य बनाएपछि दैवी कारणले तुलसाको मृत्यु हुन्छ र त्रासदीमा कथानक अन्य हुन्छ । यहां केही अभिज्ञान वा अनौठो दैवी घटना केही छैन । 'दिवास्वप्न'लगायतका कथामा सरल कथानक सङ्गठन छ, तर कथानक भने लामा-लामा भएका छन् । घरज्वाइंमा जब कल्पनाको र प्रदीपको द्वन्द्व शुरु गराइन्छ त्यो प्रसङ्ग कौतूहलपूर्ण छ । घरज्वाइंलाई श्रीमती कल्पनाले नै एक चौकीदारजस्तै छुट्टै चौकीदार घरमा बस्ने बनाउंछिन्, यो संरचना अति मार्मिक कथानकको रूपमा विकसित भएको छ ।

जसरी नाटकमा संकलनत्रयको महत्वहरू त्यस्तै कथामा पनि देश, काल र पात्रको महत्व रहेकै हुन्छ । पात्रहरू कथानक बनाउनको लागि संपुट गरिएका हुन्छन् जुन कथानकप्रधान कथा हुन्छ । यहां त्यस्तो छैन । पात्रहरूको दैनन्दिन व्यवहार प्रदर्शनले नै उसको आफ्नो अरुहरू सहयोगी तथा विरोधी पात्रको व्यवहारमा क्रमिक परिवर्तन ल्याउंदछन् । त्यसैले यी कथाहरू चरित्रप्रधान छन् ।

'तुलसा' कथाकी नायिका तुलसा विपन्न वर्गकी पात्र हो । गरीव भएतापनि उसका विनयशीलता, सद्भाव र मायालु व्यवहारले ऊ सम्पन्न परिवारको परशुरामको प्यार जित्न सफल छ । परशुराम त प्रियतम पात्र हो । प्रियतमलाई कसले जित्दैन र । यहां त परशुरामकी आमा (कट्टर रूढिवादी पाखण्डी)को मन पनि तुलसाको चरित्रले परिवर्तन गरेर छुवाछुतबारे उदारवादी बनाउंछ । तुलसासित परशुरामको विवाहको सम्भावनाको द्वार खोलेर निस्वार्थताको व्यञ्जना दिन ऊ मर्छे वा कथाकार उसलाई दैवी मृत्युको दिशामा लान्छन् । अरु ठूला-ठूला कुराभन्दा यहां पात्रहरूको चरित्रसित कथाको विकास भएको छ । तुलसा मरे पनि ऊ हाम्रो समाजको विनय सौहार्दता र प्यारकी प्रतीक चरित्र हो । 'सीता राना' कथाकी नायिका सीता आजको अशिक्षित, पीडित गाउंकी सतीसावित्री नारी हो । श्रीमान् रानाका असह्य अवज्ञाको शिकार भएकी छे ऊ । अन्तमा, उसले असह्य भएर आत्महत्या गर्छे । आजको चरित्र त्यत्ति सजिलै आत्महत्या गर्न सक्दैन, त्यसो भए त आजको दुःख हरिन्थ्यो तर सीताको चरित्र आजैको नभएर नेपाली समाजको हिजोका दिनहरूमा भएकोले उसलाई आत्महत्या गराएकोमा कथाकारलाई दोष दिने ठाउं रहन्न ।

हिजो चेतनाको अभावमा यो सम्भव पनि थियो । आज भए सम्बन्धविच्छेदतिर कुरा जान्थ्यो । राना त शिक्षित बदमास-चरित्र हो जो श्रीमतीलाई धोका दिन्छ र २-४ अक्षर पढेको छु भनेर नेपाली समाजलाई नै यसले घृणा गर्छ । यो म भन्छु, बेचिएको मान्छेको चरित्र हो । 'सीता राना' कथाको पात्र जीवन, सीतामा समर्पित प्रेमको प्रतीक व्यक्तित्व हो भने रानाले सीतालाई छोडी मीरासित विवाह गर्छ र सीताप्रति अन्याय गर्छ । निश्चल नारीपात्र तुलसा हो भने पवित्र प्रेमको प्रतीकको चरित्रमा परशुरामलाई स्थापित गरिएको छ । यहां प्रेमले जित्छ, सीधा विरोध समाप्त हुन्छ, दैवी देखाएर तुलसालाई मारेर त्रासदी देखाइएको छ । सायद, लेखिका यिनीहरूको विवाह स्वीकार्न चाहन्नथिन् वा त्रासद कथाप्रतिको मोह हो यो ।

'घरज्वाइं' कथामा खास पात्रहरू नायक प्रदीप, नायिका कल्पना, सहायक पात्र सासू र माया मुख्य पात्र छन् । यस कथामा प्रदीप अज्ञानताबस कथाकारद्वारा घरज्वाइं राम्रो हुन्न भनाउन नचाइएको पात्र हो । नायिका 'कल्पना'लाई विवाहअगाडि नै ज्ञान छ, यो घरज्वाइं-विवाह चल्दैन । तैपनि उसले विवाह गरी र प्रयोगबाट सिद्ध भयो कि प्रदीप कल्पनासित नरिझेर सासूको प्यारबाट नै च्याँट्टिएर वैरागिएर बिस्तारै मायाको प्यारमा टाँसिन पुग्छ । यसलाई केवल कल्पनाले प्रयोग मात्र गरेकी छ । वास्तवमा कल्पना त लेखक नै हो । कथाको विकासक्रममा प्रदीप, कल्पना र सासू मायामा जो व्यवहारिक परिवर्तन आउंछन् ती कुनै अचानक आएका भयङ्कर घटनाका कारण होइनन्, ती दैनन्दिन जीवनमा एक-दोस्राको अन्तर्क्रिया र व्यवहारबाट नै विकसित भइरहेका हुन् । अर्को नमुना 'लाटी लक्ष्मी' कथामा विद्यावाणी अमेरिकामा बसेर अनुसन्धान गरिरहेकी नारी कसरी नेपाली गाउंका बुहारीहरूको जीवन अध्ययन गर्न पुगेकी छ । त्यसो गर्दा उसले बुहारी बनेर गर्नुपरेका नाटकमा पछि भेद खुलेपछि पनि कालिदासप्रतिको विद्यावाणीको प्रेम अक्षुण्ण रहेको छ । एक इमान्दार तर विवश नारीकी प्रतीक विद्यावाणी हो भने उसको लागि लाटोबुङ्गोजस्तो भएर प्रियामा समर्पित हुने नायक कालिदास पनि विरलै पाइन्छन् । यसमा प्रेम-समर्पणको चरित्र एक उदाहरणीय नमुना छ । 'दिवास्वप्न'मा शीतल र कृष्ण नायक-नायिका छन् । कृष्ण पूर्णतया शीतललाई प्रेम गर्ने अपरिवर्तनीय पात्र हो । ऊ शीतललाई प्रेम गर्थ्यो नेपालमा । शीतल अमेरिका पुगे पनि उसको प्रेममा कमी रहन्न बरु उर्जा थपिन्छ

र ऊ ‘शीतल क्लिनिक’, ‘गुञ्जन क्लिनिक’ खोल्दछ नेपालमा । यो आदर्शप्रेमको चरित्र हो । शीतल प्रेम गर्छे एउटासंग तर विवाह अर्कोसित हुन्छ । ऊ अमेरिका बस्छे । पति पनि छ, प्रेमी कृष्णलाई पनि सम्झन्छे तर दिन काट्न उसलाई ताप देखिन्न, तर सन्ताप छ, यही सन्ताप्तता नै उसको पाउजेबले बोकेको शीतलको चरित्र हो । आजकी नारी, जो माथि कोठामा पति छ, तल ओल्लो गल्लीमा एक प्रियतम छ, अर्को गल्लीमा अर्को प्रियतम छ, वरणयोग्य कसैलाई देख्दिन र ऊ स्वयम् सबैबाट स्वीकार्य पनि छैन, त्यस्ती निर्वाशित चरित्रकी नारी शीतल होइन, बरु यसका पूर्वाधार मात्र शीतलका चरित्रमा छन् ।

‘प्रेमको खोजीमा’ कथा-सङ्ग्रहको भाषा अति मनोहारी छ । ‘म अर्को खुट्टामा पनि पाउजेब लगाउंछु र फुरुरु चराझैं उडेर ‘गाउभरि डुल्छु’, यो वाक्यमा प्रयोग भएका ‘फुरुरु’ ठेट नेपाली शब्दको प्रयोग तथा ‘चराझैं उड्नु’ जस्ता आलंकारिक वाक्यांशहरूले यो कथा-सङ्ग्रह भरिपूर्ण छ । नेपालका अरु भाषाको प्रयोग पनि यसमा भएको छ । ‘तुलसा’ कथामा तुलसा धेरै ठाउंमा मैथिली भाषामै बोल्छे जस्तै : तोहर फरसा कहां है परशुराम ? जुनसुकै भाषा प्रयोग गरे पनि अभिजात्य साहित्य अश्लील जस्तो घरज्वाइं कथाको यो वाक्यांशमा छ : केटीले जिस्काई पांच कक्षाका केटा त कट्टुमुतुवा । यो कथाको उद्देश्यलाई केलाउंदा यस्तो प्रयोगको सान्दर्भिकता देखिएकोले यसमा कुनै अनौचित्य दोष देखिन्न ।

‘प्रेमको खोजीमा’ कथा-सङ्ग्रहको दिवास्वप्न कथामा शीतल स्वयम् कथावाचन गर्छे । यो आत्मपरक शैलीमा लेखिएको कथा हो । यसमा बढी स्वाभाविकता र विश्वसनीयता पनि छ । यसबाहेक अरु कथा तृतीय पुरुष वर्णनात्मक शैलीमा लेखिएका छन् । कथालाई रोचक बनाउन स्वप्नलाई माध्यम बनाइएको छ ( दिवास्वप्न) । कथालाई विनोदी बनाउन र यथार्थको नजिक पुऱ्याउन लोककथाका टुक्रे कथाहरू पनि ल्याएर जोडिएका छन् (लाटी लक्ष्मी) । यो कथा-सङ्ग्रह हो कुनै उपन्यास होइन । त्यसैले प्रविधिबारे यति नै पर्याप्त होला ।

‘दिवास्वप्न’ कथाको परिवेश नेपालको तराईबाट गोरुगाडा चढेर अमेरिकाको सुन्दर तलाउसम्म आइपुग्छ । यसभित्र पर्ने सबैको परिवेशलाई यसले स्पर्श गरेको छ । ‘घरज्वाइं’ कथामा पनि तराईको परिवेश छ । त्यस्तै ‘तुलसा’ त मैथिली भाषाभाषीको क्षेत्रको परिवेश हो जसले त्यहीं भाषाभाषी, भाषा, रहनसहन, धार्मिक रूढि आदि सबै कुरालाई समेटेर त्यहांको परिवेशलाई अगाडि ल्याएको छ । ‘लाटी लक्ष्मी’ कथाले नेपालको दुर्गम, अशिक्षित सामाजिक परिवेश प्रस्तुत गर्छ र अमेरिकाजस्तो वैभवशाली देशको पर्यावरणमा ल्याउँछ । ‘सीता राना’ नेपालको पहाड र तराईको केही वर्षअघिको पर्यावरणमा घुम्दछ । यी छुट्टा-छुट्टै कथाले ती कथाका पात्रको चरित्रअनुकूल परिवेश सिर्जना गर्दै अगाडि बढेका छन् । कथा लामो हुनुको यो पनि एउटा कारण हो । चरित्रअनुकूल परिवेशको समायोजन गर्नमा कथाकार सफल देखिन्छिन् ।

‘प्रेमको खोजीमा’भित्र पस्दा म नेपालबाट बाहिर निस्कने फुर्सद नै पाइन । नेपाली वस्तुको भाउ नै यसको परिधि हो । यहां पशु छन्, खेती छन्, डोम छन्, ब्राह्मण छन्, शाखाअधिकृत छन्, पियन-पाले छन्, पण्डित छन् सबै खुशी छन् यद्दपि सबै एक-एकवटा पीडामा बांचेका पनि छन् । यीमध्ये खास केही उदाहरणको लागि हेरौं-

‘तुलसा’ कथाको विषय नै धर्म र शान्तिजस्तो छ । परशुरामकी आमा अति नै अन्धविश्वासी, धर्मावलम्बी छिन् । यो सामाजिक यथार्थ हो र शान्तिको लागि यस्तो हुनुहुंदैन भन्ने परशुरामको बुबाको भनाइ छ जसले कथाकारको प्रतिनिधित्व गर्दछन् । जस्तै : उनी भन्छन्- ‘हे धर्मभकारी, तँ रामको पूजा किन गर्छेस्, उनी त सबरीको जुठो बयर खाएर जुठो भएका ! कृष्णको पूजा किन गर्छेस् हँ, उनले त जात-कुजातसँग बिहे गरेका इन्द्र, विष्णुलाई किन पूजा गर्छेस्, जानाजान अर्काकी स्वास्नीसँग सुत्न गएका, शंकरलाई किन पूजा गर्छेस्, छल गरेर बालकसँग बिहा गरेका ।

तर परशुरामकी आमा कसैको कुरा सुन्दिनन् । जब उनलाई महाकालले घेर्छ त्यसबेला तुलसा नै एक आधार बन्दछे र परशुकी आमालाई नवजीवन दिन्छे जसले गर्दा बूढीआमामा नवचेतनाको अंकुरण हुन्छ र उनले भन्छिन्- ‘आजदेखि त्यो गाग्रोमा पानी भरिदिए छुवाछूतको बात लाग्दैन । यसरी कट्टरपन्थीहरूलाई साामाजिक समन्वयका लागि उदारवादी पथ लिएका पात्रहरूले विजय हासिल गरी सामाजिक शान्ति र समताको सन्देश दिएका छन् ।

यो सङग्रहका सबै कथामा विवाह एउटा मुख्य वस्तु रहेको छ । ‘दिवास्वप्न’ कथामा कृष्ण र शीतलको विवाह स्वीकार्य बनाएर पनि आपसमा विवाह गर्न सक्दैनन् । यहां धन, वैभव, अमेरिका आदि तत्वहरू बाधाको रूपमा उपस्थित छन् । ‘घरज्वाइं’ त ससुरालमा बस्नु हुन्न, नरनारीको प्रेमभाव पनि रहन्न

भन्ने अभिप्रायमा आधारित छ । 'सीता राना'मा शिक्षित र अशिक्षित अनमेल विवाहको आयोजना छ । 'तुलसा' कथामा पनि गरीब तुलसा र धनी परशुरामको प्रणयसम्बन्धलाई नै विषयवस्तु बनाइएको छ । परशुरामकी आमा विवाह गर्न मञ्जुर हुन पुगे पनि तुलसाले परशुरामसित विवाह गर्न पाउंदिन । यहां कथा वियोगान्त छ । अर्थविभेदिय विवाह यस कथाले स्वयम्वरण गर्न पुगे पनि नायिकाको मृत्यु गराएर विवाह रोकेकाले कथाकारले यस्तो विवाहको समर्थन गरेको ध्वनि आउंदैन । प्रदीप बाहुन र कल्पना नेवारको बीच अन्तर्जातीय विवाहको प्रश्न (घरज्वाईं) तीव्र छ र यो सफल पनि छैन ।

प्रमिला शर्माको 'प्रेमको खोजीमा' कथा-सङग्रहमा भएको वस्तु नारामा उत्रन्न, बरु कथा एक जीवनको रूपमा नेपालमै विचरण गर्दछ र यथार्थको साथ प्रेमको आदर्शतिर उन्मुख हुन्छ । कृष्णको 'शीतल क्लिनिक,' सीताको बाबाको 'स्कूल', परशुको हातमा आएको 'कलम'को प्रण, कालिदासको 'चित्रकला स्कूल' यसकै प्रमाण हुन् । वस्तुमा छुवाछूतका कुरा आए पनि यी कथाको मुख्य वस्तुचाहिं प्रेम र विवाह नै हो । विवाहको विरुद्ध प्रेममा समर्पण यी कथाका वस्तुको नियति भएको छ तापनि रोमियो-जुलियट भएर यिनी मर्नुभन्दा पार्टी-पौवा खोलेर प्रेमलाई अक्षय्य बनाई जोगाई राख्न यी कथा रमाएका छन् जुन आजको मानवजीवनको लागि नितान्त आवश्यक कुरा हुन् । प्रेमको महिमा नहुनु भनेको आतङ्क हो, नाश हो । यी कथाहरूमा प्रेममहिमा र त्यसमा आसीन हुन सक्नु नै कथा-सङ्ग्रहको विशेषता हो र शान्ति, समता र सौन्दर्य नै यी कथाहरूको जीवन हो ।

यो कथाको सन्देश आफू हराए पनि प्रेमका स्मृतिका क्षणहरू न हराऊन् भन्ने नै हो । यस आदर्शलाई अंगिकार गरेर "विद्यावाणीले छोडेर गएको एक लाख रूपैयाँबाट कालीदासले लाटी लक्ष्मीका नाममा एउटा चित्रकला स्कूल खोल्यो । उसको सारा समय त्यसै स्कूलमा व्यतित हुन्थ्यो । कालीदास र विद्यावाणीले एक अर्कालाई सम्झनामा जोगाई राखे, दुवैले विवाह गरेनन् अर्को (लाटीलक्ष्मी)।" यो यसै सङ्ग्रहभित्रको 'लाटी लक्ष्मी' कथामा भएको प्रमिला शर्माको प्रेमसमर्पणको लागि जीवन-सङ्घर्ष र लेखनप्रतिको प्रतिबद्धता हो । यो प्रतिबद्धता र कर्मशीलता अझ बढी फलोस् फुलोस् । जहाँ रहे-बसे पनि नेपाली मूलका हामी सबै नेपालीलाई यो कथा सङ्ग्रहले त्यही प्रतिबद्धता र कर्मशीलताको पाठ सिकाओस् । अहिले हामीलाई त्यति भए पुग्छ ।

विदेशमा बसेर लेखे पनि कथाकार प्रमिला शर्माका कथाले परदेश र मातृभूमिको विषयलाई कथावस्तु बनाउँदैनन् बरु जहाँ छन् त्यहींको सामाजिक, सूक्ष्म जीवनको अन्वीक्षण गर्दछन् । शर्माका यी कथा नेपाली घरगाउँमा भइरहेको सामाजिक, साँस्कृतिक परिवर्तनका व्याख्याता हुन् । प्रमिलाका यी कथाहरुमा सामाजिक सुधार र अमर प्रेमका सन्देश छरिएका छन् । कथाकार शर्मा अमेरिकामा मौलाउँदै गएका नेपाली नारी कथाकार भविष्यका एक चम्किली द्वीप हुन् । प्रमिलाको 'दिवास्वप्न' एक कथाबाहेक सबै बाह्र हात लामा र वर्णनात्मक शैलीमा छन् । कथाकारले 'प्रेम' लाई मुख्य विषयवस्तु बनाएकी छन् । अमेरिकामा बसेर कलम चलाउने अरु नेपाली महिलाहरूमा कमला सरुप, सरला श्रेष्ठ, भारती गौतम, कल्पना सत्याल, बामा ढुङ्गाना, कल्पना सुवेदी, सरोज शुक्ला इत्यादि भए पनि प्रमिला शर्माको यो अग्रसरताले आज नेतृत्व लिइरहेको छ । प्रमिलाको यो लेखनमा अझ परिमार्जन आउन सक्यो, नयाँ वस्तु, नवीनतम दृष्टिले यो अभिसिञ्चित हुन सक्यो भने यिनका भविष्यका सिर्जनाहरुले नारी हरुताक्षरको प्रतिनिधित्व गर्नेछन् भन्ने कुरामा म आशावादी छु ।

अझ अन्तर्राष्ट्रिय नेपाली साहित्य सामाजले "हरेक समुदायमा नेपाली पहिचानलाई जीवन्त र दिगो राख्न जुटौं" भन्ने अभियान विश्वव्यापी रुपमा अघि बढाइरहेको बेलामा कथाकार प्रमिला शर्माको यो "प्रेमको खोजीमा" कथा-संग्रह अनेसास कोलोराडो प्रकाशन गरेकोमा हामीलाई सबैलाई गौरव लाग्ने कुरा हो । यही क्रम विश्वका विभिन्न राष्ट्रबाट सुरु भयो भने नेपाली मूलको नेपाली भाषा, साहित्य, कला र संस्कृतिको जग बलियो हुँदै जानेछ । यही कुरालाई यो पुस्तकको लागि जुन १७,२००४को दिन गरिएको सार्वजनिक अन्तरपरामर्श कार्यक्रम, काठमाडौंको भिडियोमा डा. ताना शर्मा र तुलसी दिवसका मन्तव्यले पुष्टि गर्दछन् र भन्छन्: सात समुद्रपार पुगेर पनि नेपाली भाषामा यस्ता पुस्तकहरुको लेखन प्रकाशन हुनु चाहि विश्वभर छरिएर बसेका नेपालीको जातीय चेतनाको परिचय हो र यस्तै सिर्जनाहरु हुन् नेपालीलाई जीवनत र दिगो राख्ने पनि । विद्वान्हरुको यो अभिमतले अन्तर्राष्ट्रिय नेपाली साहित्य सामाजले "हरेक समुदायमा नेपाली पहिचानलाई जीवन्त र दिगो राख्न जुटौं" भन्ने अभियान विश्वव्यापी रुपमा अघि बढाइरहेको बेलामा त्यसलाई समेत सशत्त रुपमा समेट्दछ र प्रवर्धन गर्दछ भन्ने मलाई लाग्दछ । त्यसैले यो सिर्जना नेपालीको

खजाना हो । यस्ता सिर्जनाहरु नेपाली जातीय पहिचानका मूल हुन् । यस्ता सिर्जनाका प्रकाशक, लेखक तथा बुलु, रमेश, युवराज, पुष्प र सर्वदा वाङ्मय प्रतिष्ठान लगायतका सहयोगीहरुले हामी सबैलाई यो खजाना दिएर गुन लाएका छन् । वहाँहरु धन्यवादका पात्र हुनुहुन्छ ।

ॐ